कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
गुलरिया, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०८३/८४
च.नं. :-

ई-मेल: ito.krishnapurmun@mail.com
वेब साईट: krishnapurmun.gov.np

विषय : साना सिचाई प्रवर्द्धन कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकासित मितिः २०८३/०८/०८)

यस कृष्णपुर नगरपालीका कृषि विकास शाखाको आ.व २०८३/०८४ को वार्षिक स्वीकृत संघिय शर्सत तर्फको साना सिचाई प्रर्वद्धन कार्यक्रम संचालन गर्नुपर्ने भएकाले यस नगरपालिका अन्तर्गतका ईच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले सूचना प्रकासित भएको मितिले २१ दिन (२०८३/०८/२८) भित्र राजश्व रकम रु.१००।- (फिर्ता नहुने गरी) को रसिद राजस्व शाखा बाट काटि तपसिल अनुसारका कागजातहरु सहित यस नगरपालीकाको कृषि शाखामा आवेदन पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

लाल ब. धामी
कृषिप्रसार अधिकृत सातौं तह
शाखा प्रमुख

२०८३/०८/०८
प्रेम बहादुर बिष्ट
प्रशासकिय अधिकृत
प्रेम बहादुर बिष्ट
अधिकृत सातौं तह

तपसिल :

निवेदन साथ संग्लन गर्नु पर्ने कागजातहरु

- कृषि सम्वन्धी विस्तृत विवरण अनुसूची १ र ३ को फाराम/अनुमानित लागत र साझेदारी भए सो सहित कृषक समूह/कृषि सहकारी/कृषि फर्मको संस्थाको छाप सहितको प्रस्तावना फाराम ।
- कृषक समूहहरु/कृषि सहकारीहरु/कृषि फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
- कृषक समूहहरु/कृषि सहकारी संस्थाहरुको वैठकको निर्णयको प्रतिलिपि ।
- सम्वन्धित वडा कार्यालयको सिफासि पत्र ।
- कृषि फर्मको/कृषक समूहहरुको हकमा पान दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
- कृषि सहकारीको हकमा गत आ.ब. को अडिट रिर्पोटको प्रतिलिपी ।
- कृषक समूह नविकरण गराएको हुनपर्ने ।